# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, जेठ २६ गते २०३२ साल [संख्या ६

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

(विद्युत दोस्रो संशोधन) नियमावली, २०३२

विद्युत् नियमावली, २०२५ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरुको नाम "विद्युत् (दोस्रो संशोधन) नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावली २०३१ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. मूल नियमावलीको नियम २८ मा संशोधनः— मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः

२८. उत्पादन वा बिक्री शुल्कः— (१) विद्युत् उत्पादन गर्ने वा वितरण गर्ने अनुमतिपत्र पाउने व्यक्तिले देहायबमोजिमको वार्षिक शुल्क श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८२

स्पष्टीकरणः– वार्षिक शुल्क भन्नाले एक आर्थिक वर्षभित्रको उत्पादन वा बिक्रीमा लाग्ने शुल्कलाई जनाउँछ ।

(क) शक्तिमापक यन्त्र जडान भएकोमाः– (१) नेपाल विद्युत् कर्पोरेशनले उत्पादन वा बिक्री गरेकोमा एक यूनिटको साढे सात पैसाको दरले,

(२) उपखण्ड (१) मा लेखिए बाहेक अनुमतिपत्र पाउने अन्य व्यक्तिले उत्पादन वा बिक्री गरेकोमा एक यूनिटको एक पैसाको दरले,

(३) विदेशमा खरीद गरी नेपाल अधिराज्यमा बिक्री गरेमा दुई यूनिटको एक पैसाको दरले र,

(ख) शक्तिमापक यन्त्र जडान नभएकोमाः– (१) आकस्मिक प्रयोगको लागि राखिएको विद्युत् उत्पादन यन्त्रको प्रत्येक किलोवाट क्षमताको लागि वार्षिक रू. १०।– का दरले,

(२) आकस्मिक प्रयोग बाहेक अरू प्रयोगको लागि भए प्रत्येक किलोवाटको वार्षिक रू. २०।– का दरले ।

तर खण्ड (ख) को उपखण्ड (२) बमोजिमको शुल्क तिर्नुपर्ने व्यक्तिले कुनै आर्थिक वर्षभरि नै विद्युत्शक्ति उत्पादन गर्न नसकेको मनासिब कारण देखाएमा श्री ५ को सरकारले निजको हकमा त्यस्तो शुल्क केही कम गर्न वा पूरै छुट दिन सक्नेछ ।

(२) अनुमतिपत्र पाउने व्यक्तिले उपनियम (१) बमोजिम बुझाउनु पर्ने वार्षिक शुल्क श्री ५ को सरकारले माग गरेको मितिले तीन महीनाभित्र बुझाउनुपर्छ । उक्त अवधि नाघेपछि वार्षिक शुल्क बुझाउन ल्याएमा जति महीनापछि बुझाउन ल्याएको हो त्यस प्रत्येक महीनाको लागि बुझाउनु पर्ने शुल्कको ५ प्रतिशतको दरले हुने थप शुल्क समेत बुझाउनु पर्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगले आफ्नै उद्योग सञ्चालनको लागि उत्पादन गरेको विद्युत्-शक्ति वा आकस्मिक प्रयोगको लागि राखेको विद्युत् उत्पादन यन्त्रको हकमा उपनियम (१) बमोजिमको कुनै शुल्क लाग्ने छैन ।

तर त्यसरी उत्पादन गरेको विद्युत्शक्ति अरू कसैको प्रयोगको निमित्त वितरण गरेको भए त्यसरी वितरण गरे जति विद्युत्शक्तिको हकमा उपनियम (१) बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८

३. मूल नियमावलीको नियम २६ मा संशोधनः– मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएकोः–

"२६. शक्तिमापक यन्त्रको अनिवार्यताः– (१) १०० किलोवाटभन्दा बढी विद्युत्शक्ति उत्पादन गर्न अनुमतिपत्र पाउने व्यक्तिले अनिवार्य रूपले शक्तिमापक यन्त्र (एनर्जीमिटर) राख्नु पर्नेछ।

(२) कुनै उद्योगले आफ्नो प्रयोगको निमित्त उत्पादन गरेको विद्युत् शक्तिबाट अरू कसैको प्रयोगको निमित्त पनि वितरण गरेको भए १०० किलोवाटभन्दा कम विद्युत्शक्ति उत्पादन गर्न अनुमतिपत्र पाएको भए पनि त्यसरी वितरण गरिएको शक्ति देखाउने शक्तिमापक यन्त्र राख्नु पर्नेछ"।

आज्ञाले–
अच्यूतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।